बैठक संख्या -८४

आज मिति २०८०।०७।१७ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री चमेली गुरुङज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चमेली गुरुङ | कार्यवाहक अध्यक्ष | |
| २ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ३ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ४ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ५ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ६ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ७ | श्री बुटी तामाङ | सदस्य | |
| ८ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| ९ | श्री शान्ती माया तामाङ | सदस्य | |
| १० | श्री पुतली विश्वकर्मा | सदस्य | |
| ११ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १२ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १३ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ८४ मितिः २०८०।०७।१७

निर्णयहरू:

१. विगतमा कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गर्दै सेवा प्रवाहलाई व्यवस्थित र थप प्रभावकारी बनाउने ।

२. बागमती प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयको वार्षिक स्वीकृत कार्यक्रमअनुसार निलकण्ठ माध्यमिक विद्यालयमा बस खरिदका लागि बजेट विनियोजन भएकोमा उक्त विद्यालयबाट सञ्चालन हुने बसको सञ्चालन खर्च यस गाउँपालिकाले व्यहोर्ने।

३. उत्तरगया गाउँपालिकाको बाल संरक्षण कोष सञ्चालन कार्यविधी २०८० पारित गर्ने ।

४. उत्तरगया गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी २०८० पारित गर्ने।

५. यस गाउँपालिका वडा नं २ को गोटेगाउँ सिम्ले सामाजिक संस्थाबाट खेलकुद कार्यक्रम सञ्चालनको लागि आर्थिक सहयोग माग भएकोमा हाल वार्षिक वजेट तथा कार्यक्रममा त्यसप्रकारको कार्यक्रमको लागि बजेट विनियोजन नभएकोले आगामी गाउँसभाबाट बजेट विनियोजन गरी तत्पश्चात मात्र भुक्तानी हुनेगरी उक्त संस्थालाई एक लाख रुपैयाँ आर्थिक सहायता गर्ने गरी कार्यक्रम सञ्चालनको लागि अनुमति दिने ।

२०८०।०७।१८

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत